# विन नेपाल लघुवित्त वित्तीय संस्था लि.

# Wean Nepal Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (बागमती प्रदेश स्तरीय कार्यक्षेत्र भएको )

पत्र संख्या: ३३६/०८१/८०

मिति: २०८०/०३/१५

कम्पनी दर्ता नं. ११७४४६/०७०/०७१

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाडौं ।

**विषय : आठौं वार्षिक साधारण सभा (आ.व. २०७८/७९) को विवरण तथा निर्णय पठाइएको ।**

महोदय,

प्रस्तुत विषयमा यस वित्तीय संस्थाको मिति २०८०/०३/११ गते सम्पन्न भएको आठौं वार्षिक साधारण सभाको विस्तृत विवरण तथा निर्णय उतारको प्रतिलिपि यसै पत्रसाथ संलग्न गरी तहाँको अभिलेख तथा जानकारीको लागि पठाईएको व्यहोरा अनुरोध छ ।

**संलग्न :** सातौं वार्षिक साधारण सभाको विवरण तथा निर्णय उतारको प्रतिलिपि पाना थान ५(पाँच) ।

भवदीय

..............................

(बसन्त बहादुर शाक्य)
कम्पनी सचिव

**बोधार्थ :**

१. श्री धितोपत्र बोर्ड, धापाखेल, ललितपुर
२. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग
३. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग

# विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड

बनेपा-१३,साँगा, काभ्रेपलान्चोक

## आठौं वार्षिक साधारण सभाको निर्णय तथा कार्यवाही विवरण

१. **आठौं वार्षिक साधारण सभा :**

विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको मिति २०८० साल जेष्ठ महिना २१ गते बसेको ११/०७९/८० औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७(२) अनुसार आठौं वार्षिक साधारण सभा संस्थाका सञ्चालक समितिका अध्यक्ष सह-प्राध्यापक डा. श्री मदन गोपाल श्रेष्ठज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

२. **सभाको मिति, समय र स्थान :**

२.१ मिति : २०८० साल आषाढ महिना ११ गते सोमबार (तदनुसार जून २६, २०२३)

२.२ समय : बिहान ११ बजे

२.३ स्थान : फिस स्टेशन एण्ड रिसोर्ट, बनेपा-१३, साँगा, काभ्रेपलान्चोक

३. **सभाको सूचना प्रकाशन :**

३.१ साधारणसभा हुने मिति, समय, स्थान र सभामा छलफल हुने विषयसूचीहरु सहितका विवरणहरु खुलाई मिति २०८०/०२/२२ गतेको राजधानी राष्ट्रिय दैनिक र मिति २०८०/०३/०५ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा गरी दुई पटक सूचना प्रकाशन गरी शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

३.२ सञ्चालक समितिको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरु साथै अन्य प्रस्तावका विषयवस्तुहरु सहितको वार्षिक प्रतिवेदनको पुस्तिका शेयरधनी महानुभावहरुले कम्पनीको केन्द्रीय कार्यालयबाट प्राप्त गर्न सक्नु हुनेछ भन्ने सूचना प्रकाशित गरिएको व्यहोरा सभा सञ्चालकले सभामा जानकारी गराउनु भयो ।

४. **आसन ग्रहण :**

सभामा उपस्थित रहनु भएका सञ्चालकहरु क्रमशः सह-प्राध्यापक डा. श्री मदन गोपाल श्रेष्ठ, श्री कुमार राज जोशी, श्री सुकुमान डंगोल, श्री रमादेवी श्रेष्ठ, श्री एन्जिला न्यौपाने, श्री राजु के.सी. र श्री पवन राज मास्के, प्रमुख अतिथी नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष श्री राजेन्द्र मल्ल, विशेष अतिथी प्राध्यापक डा. श्री गोविन्द सुवेदी, समाजसेवी श्री सिताराम श्रेष्ठ, इन्द्रावती सामुदायिक सेवा केन्द्रका अध्यक्ष श्री कुबेर काजी श्रेष्ठ, पूर्व सञ्चालक श्री रेणु स्थापित र शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेडका प्रतिनिधि श्री कमल नेपालले आसन ग्रहण गर्नुभयो ।

५. **सभाको सभापतित्व :**

वार्षिक साधारण सभाको सभापतित्व कम्पनीका अध्यक्ष सह प्राध्यापक डा. श्री मदन गोपाल श्रेष्ठज्यूले गर्नुभई सभाको कार्यवाही अगाडी बढाउन सभा सञ्चालकलाई अनुमति प्रदान गर्नुभयो ।

६. **सभाको वैधाननिकता र गणपुरक संख्या :**

कम्पनी ऐन, २०६३ को दफा ७३(२) तथा यस कम्पनीको नियमावलीको नियम २३ बमोजिम साधारण सभा सञ्चालनका लागि कुल शेयर संख्याको ४३.६४ प्रतिशत शेयरको प्रतिनिधित्व हुनेगरी ११२ जना

शेयरधनीहरुको उपस्थिति रहेको हुनाले सभामा गणपुरक संख्या पूरा भएको र सभाले बैधानिकता प्राप्त गरेको व्यहोरा सभामा जानकारी भयो ।

७. उपस्थिति :

७.१ *सञ्चालकहरु (कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार) :*

| | | |
|---|---|---|
| क. | सह प्राध्यापक डा. श्री मदन गोपाल श्रेष्ठ | अध्यक्ष |
| ख | श्री कुमार राज जोशी | सञ्चालक |
| ग | श्री सुकुमान डंगोल | सञ्चालक |
| घ | श्री रमादेवी श्रेष्ठ | सञ्चालक |
| ङ | श्री एन्जिला न्यौपाने | सञ्चालक |
| च | श्री राजु के.सी | सञ्चालक |
| छ | श्री पवन राज मास्के | स्वतन्त्र सञ्चालक |

७.२ *व्यवस्थापन समूह :*

| | | |
|---|---|---|
| क | श्री बसन्त बहादुर शाक्य | प्रमुख कार्यकारी अधिकृत |
| ख | श्री अमृत कुमार बिष्ट | नायव प्रमुख कार्यकारी अधिकृत |
| ग | श्री राज कुमार घिमिरे | अधिकृत |
| घ | श्री सुमन श्रेष्ठ | कनिष्ठ अधिकृत |
| ङ | श्री गणेश बलामी | कनिष्ठ अधिकृत |
| च | श्री प्रेगिना श्रेष्ठ | लेखा शाखा |
| छ | श्री रजना मढिकर्मी | कर्जा शाखा |
| ज | श्री आकाश श्रेष्ठ | कर्जा शाखा |

७.३ *शेयरधनी:*

| विवरण | उपस्थित संख्या | शेयर संख्या | उपस्थिति प्रतिशत |
|---|---|---|---|
| स्वयं उपस्थित | ५७ | १९५,०८८ | २४.६३ |
| प्रतिनिधि मार्फत उपस्थित | ५५ | २३१,३९४ | २९.२१ |
| **जम्मा उपस्थिति** | ११२ | ४२६,४८२ | ५३.८४ |

८. छलफलका विषय सूचीहरु :

क) सामान्य प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७८/७९ को आठौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित साविकको नेपाल सेवा लघुवित्त वित्तीय संस्था लि. र विन लघुवित्त वित्तीय संस्था लि. को आर्थिक वर्ष २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा ११ अनुसार आर्थिक वर्ष २०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारश्रमिक निर्धारण गर्ने । (लेखापरीक्षक श्री नरहरि अर्याल एण्ड एशोसियट्स, टेकु, काठमाडौंलाई वार्षिक एकमुष्ट रकम रु. १५०,०००/- (एक लाख पचास हजार) कर रकम बाहेक प्रदान गर्ने ।

४. विविध ।

**ख) विशेष प्रस्तावहरु :**

१. डिजिटल बैंकिङ्ग सम्बन्धी कार्यहरु गर्ने प्रबन्धपत्रको दफा ५ मा खण्ड (त) थप्ने र सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने ।

२. भविष्यमा गाभ्ने/गाभिने वा प्राप्ती गर्ने प्रयोजनार्थ अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने गाभिने वा प्राप्ती सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ती सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पूरा गर्ने/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. संस्थाको प्रबन्धपत्र, नियमावलीमा संशोधन गर्ने कार्य तथा गाभिने (मर्जर) तथा विलय (एक्विजिसन) समेतका कार्य सम्बन्धमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड वा अन्य कुनै कार्यालयहरुबाट लगायतको स्वीकृती लिने, अभिलेख गर्ने क्रममा कुनै पनि विषयमा संशोधन/परिमार्जन/थपघट वा परिवर्तन गर्न कुनै निर्देशन/सुझाव प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध प्रस्ताव :**

९. **वार्षिक प्रतिवेदनको प्रस्तुति :**

सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति सह प्राध्यापक डा. श्री मदन गोपाल श्रेष्ठज्यूले सञ्चालक समितिको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन वाचन गरी प्रस्तुत गर्नुभयो ।

१०. **प्रतिवेदन उपर छलफल :**

अध्यक्षले प्रस्तुत गर्नु भएको सञ्चालक समितिको प्रतिवेदन उपर छलफलको क्रममा सभामा उपस्थित शेयरधनीहरुमध्ये शेयरधनी श्री सुरेश श्रेष्ठले नियमन निकायको कारणले गर्दा शेयरधनीहरुलाई प्रतिफल दिन कठिन हुँदै गएको कुरामा प्रकाश पार्नु हुँदै सुहाउँदो अन्य संस्थासँग गाभ्ने/गाभिने कार्य गर्नुपर्ने कुरामा जोड दिनुभयो । साथै, संस्थालाई डिजिटल प्रविधिमा जान सुझाव दिनु हुँदै आगामी दिनमा संस्थाको वित्तीय अवस्थालाई विभिन्न पाइचार्ट, डायग्राम मार्फत् पनि प्रस्तुत गरेमा अझ प्रभावकारी हुने बताउनु भएको थियो ।

सोही क्रममा संस्थाको संस्थापक शेयरधनी तथा पूर्व सञ्चालक श्री रेणु स्थापितले देशको वर्तमान अवस्थाको कारणले लाभांश प्राप्त हुन नसकेतापनि शेयरधनीहरुले निराश हुन नपर्ने कुरामा प्रकाश पार्नु भएको थियो । हाल आर्थिक मन्दीको कारणले बजारमा पैसाको अभाव रहेको कारणले कर्जा असूलीमा समस्या रहेको बताउनु हुँदै आगामी दिनमा यस्तो परिस्थितिमा सुधार आउने कुरामा विश्वास ब्यक्त गर्नु भएको थियो ।

११. **मन्तव्य**

संस्थाका अध्यक्ष डा. श्री मदन गोपाल श्रेष्ठज्यूले प्रस्तुत गर्नु भएको संस्थाको वार्षिक प्रतिवेदन उपर छलफल पश्चात् उक्त कार्यक्रमका विशेष अतियी प्रा.डा.श्री गोविन्द सुवेदीज्यूले आफ्नो मन्तव्य राख्नु भएको थियो । यस क्रममा वहाँले सीमान्तकृत महिलाहरुलाई वित्तीय स्रोतमा पहुँच दिलाउन लघुवित्त वित्तीय संस्थाहरुको प्रमुख भूमिका रहेको, सस्तो ब्याजदर विना धितो घर दैलोमा सजिलै ऋण उपलब्ध गराउने लघुवित्त वित्तीय संस्थाहरुको ऋण तिर्नु नपर्ने हुनुपर्छ भन्दै आन्दोलन गर्नु कुनै पनि हालतमा

उपयुक्त नहुने भन्दै त्यस्ता क्रियाकलाप गर्ने व्यक्तिहरु माथि सरकारले तत्काल कारवाही गर्नुपर्ने कुरामा जोड दिनु भएको थियो ।

त्यस्तै उक्त कार्यक्रमका प्रमुख अतिथी, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष श्री राजेन्द्र मल्लज्यूले आफ्नो मन्तव्यको क्रममा मुलुकको गरिवी उत्थानमा लघुवित्त वित्तीय संस्थाहरुको भूमिका अतुलनीय रहेको विषयमा प्रकाश पार्नु हुँदै लघुवित्त वित्तीय संस्थाहरुलाई कम लागतमा स्रोत उपलब्ध गराउनु पर्ने कुरामा जोड दिनु भएको थियो । हाल लघुवित्त वित्तीय संस्थाहरुको प्रमुख स्रोत बैंक तथा वित्तीय संस्थाहरुसँग लिने सापटीको ब्याजदर नै १३-१४ प्रतिशत रहेको अवस्थामा नाफा हुनु असम्भव जस्तै रहेको हुँदा आगामी मौद्रिक नीतिले यस विषयलाई सम्बोधन गर्नुपर्ने बताउनु भएको थियो । नेपाल राष्ट्र बैंकले प्रति ब्यक्ति रु. सात लाख मात्र कर्जा प्रवाह गर्न पाउने गरी राखेको थ्रेसहोल्ड निकै नै कम रहेको हुँदा उक्त थ्रेसहोल्डलाई रु. पच्चीस लाख पुऱ्याउनु पर्ने कुरामा जोड दिनु भएको थियो ।

१२. **सभाबाट भएका निर्णयहरु :**

*सामान्य प्रस्ताव नं. १*

सञ्चालक समितिका अध्यक्ष सह प्राध्यापक डा. श्री मदन गोपाल श्रेष्ठले सभामा पेश गर्नु भएको सञ्चालक समितिको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन सभाबाट सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

*सामान्य प्रस्ताव नं. २*

लेखापरीक्षकको प्रतिवेदन सहित साविकको नेपाल सेवा लघुवित्त वित्तीय संस्था लि. र विन लघुवित्त वित्तीय संस्था लि. को आर्थिक वर्ष २०७८/७९ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरी सर्वसम्मत रुपमा पारित गर्ने निर्णय भयो ।

*सामान्य प्रस्ताव नं. ३*

लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७८/०७९ को लागि लेखापरिक्षकको रुपमा श्री नरहरि अर्याल एण्ड एशोसियट्स, टेकु, काठमाडौंलाई नियुक्ति गर्ने तथा निजको पारिश्रमिक रु. १५०,०००।- (एक लाख पचास हजार) कर रकम बाहेक निर्धारण गर्ने निर्णय भयो । साथै, निजलाई लङ्गफर्म लेखा परीक्षण, कर लेखा परीक्षण तथा दफा ७८ बमोजिमको प्रतिवेदनको कार्य गराउने पनि निर्णय भयो ।

*विशेष प्रस्ताव नं. १*

संस्थाको केन्द्रीय कार्यालय सिन्धुपाल्चोक जिल्ला मेलम्ची न.पा. वडा नं. १३ कायम भएकोमा संस्थाको केन्द्रीय तथा रजिष्टर्ड कार्यालय काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका वडा नं. १३ कायम गर्ने सम्बन्धी विशेष प्रस्ताव सभामा पेश भएकोमा सभाबाट सर्वसम्मत रुपमा प्रस्तावलाई पारित गर्ने निर्णय भयो ।

*विशेष प्रस्ताव नं. २*

भविष्यमा गाभ्ने/गाभिने वा प्राप्ती गर्ने प्रयोजनार्थ अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने वा प्राप्ती सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ती सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पूरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतबाट पारित गर्ने निर्णय गरियो ।

*विशेष प्रस्ताव नं. ३*

संस्थाको प्रबन्धपत्र, नियमावलीमा संशोधन गर्ने कार्य तथा गाभिने (मर्जर) तथा विलय (एक्विजिशन) समेतका कार्य सम्बन्धमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड वा अन्य कुनै कार्यालयहरुबाट स्वीकृति लिने, अभिलेख गर्ने क्रममा कुनै पनि विषयमा संशोधन/परिमार्जन/थपघट वा परिवर्तन गर्न कुनै निर्देशन/सुझाव प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नु परेमा सो कार्यहरु लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतबाट पारित गर्ने निर्णय गरियो ।

**प्रबन्धपत्रमा संशोधन तथा थप :**

दफा ५(त) : "नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही टेलिफोन, टेलेक्स, फ्याक्स, कम्प्यूटर, मोबाइल बैंकिङ्ग वा म्याग्नेटिक टेप वा अन्य त्यस्तै प्रकारका विद्युतीय उपकरण वा साधनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने, रकमान्तर गर्ने तथा अन्य डिजिटल बैंकिङ्ग सम्बन्धी कार्यहरु गर्ने ।

१३. विविध विषयहरु उपर कुनै प्रस्तावहरु नआएको हुनाले कुनै निर्णय भएन ।

१४. **धन्यवाद ज्ञापन**

संस्थाको आठौं वार्षिक साधारण सभामा प्रस्तुत भएका मन्तव्य, जिज्ञासा, टिप्पणी तथा सुझावहरु कम्पनीको हितको लागि अति नै महत्वपूर्ण रहेको उल्लेख गर्दै कम्पनीको काम कार्यवाहिमा अभिरुची राखी सञ्चालक समिति तथा व्यवस्थापनलाई मार्ग निर्देशन एवं प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दै सफलतापूर्वक सभा सञ्चालनमा सहयोग पुऱ्याउनु हुने संस्थाको व्यवस्थापन एवं सम्पूर्ण कर्मचारी प्रति सभाका सभापतिबाट धन्यवाद ज्ञापन गर्नुभयो ।

१५. **सभाको समापन :**

पूर्व निर्धारित विषयसूचीहरु उपर छलफलको क्रम समाप्त भएकोले सभाका सञ्चालकले सभाका सञ्चालक श्री कुमार राज जोशीलाई सभाको समापन गरिदिनु हुन अनुरोध गर्नुभयो र सञ्चालक श्री जोशीले सभामा उपस्थित हुन भएका शेयरधनीहरु, सम्पूर्ण कर्मचारीहरु, शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, वाह्य लेखापरीक्षक श्री नरहरि अर्याल एण्ड एशोसियट्सलाई धन्यवाद ज्ञापन गर्दै आठौं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

(बसन्त बहादुर शाक्य)
कम्पनी सचिव

(डा. मदन गोपाल श्रेष्ठ)
अध्यक्ष

मिति : २०८० साल असार ११ गते सोमबार तद्नुसार जून २६, २०२३